# २ महिना देखि ५ बर्ष सम्मका विरामी वच्चाको मूल्यांकन, वर्गीकरण तथा उपचारको पहिचान गर्नुहोस्

| मूल्यांकन | चिन्हहरू | वर्गीकरण | उपचारको पहिचान |
|---|---|---|---|
| **सामान्यतया देखिने खतराका चिन्हहरू जाँच्नुहोस्**<br>***सोध्नुहोस्:***<br>• "के बच्चा पिउन वा स्तनपान गर्न सक्छ ?"<br>***हेर्नुहोस्:***<br>• "बच्चा सुस्त वा बेहोस छ ?" | बच्चा पिउन वा स्तनपान गर्न सक्दैन अथवा सुस्त वा वेहोस छ | कडा रोग | एक मात्रा कोट्रिम चक्की दिएर स्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| ***सोध्नुहोस्:*** "के बच्चालाई खोकी लागेको वा सास फेर्न कठिनाइ भएको छ ?"<br>**यदि छ भने:-**<br>• एक मिनेटमा सास दर गन्ति गर्नुहोस् ।<br>**सास छिटो चलेको:**<br>२ **महिनादेखि १२ महिनासम्म-५० पटक वा सो भन्दा वढी**<br>१ **बर्ष देखि ५ बर्षसम्म ४० वा सो भन्दा बढी**<br>• कोखा हानेको हेर्नुहोस् | बच्चा पिउन सक्दैन अथवा सुस्त छ वा कोखा हानेको छ | कडा रोग अथवा कडा निमोनिया | पहिलो मात्रा कोट्रिम चक्की दिई तुरुन्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| | सास छिटो चलेको (२ महिनादेखि ५ वर्षको बच्चा भएमा) | निमोनिया | कोट्रिमोक्साजोलवाट उपचार गर्नुहोस्, घरेलु उपचार दिनुहोस् |
| | माथिका चिन्हहरू मध्ये कुनै पनि नभएको | निमोनिया नभएको : रुघा खोकी | घरेलु उपचार मात्र |
| ***सोध्नुहोस्:*** "के बच्चालाई पखाला लागेको छ ?" यदि छ भने, **सोध्नुहोस्:-**<br>• कति दिन भयो ?<br>• के दिसामा रगत आउँछ?<br>• "के पखाला २ हप्ता भन्दा वढी समयदेखि लागेको छ?"<br>• बच्चालाई सफा पानी पिउन दिनुहोस्<br>- धेरै विस्तारै पिउँछ/पिउन नसक्ने<br>- खुव तिर्खाएझैं गरी पिउँछ<br>- सामान्य रूपले पिउँछ<br>• पेटको छाला तानेर छोड्नुहोस्<br>- धेरै विस्तारै फर्किन्छ<br>- विस्तारै फर्किन्छ<br>- तुरून्तै फर्किन्छ | २ हप्ता भन्दा वढी समयदेखि पखाला लागेको | दीर्घ पखाला | पुनर्जलिय झोल र जिङ्क चक्की दिई स्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| | दिसामा रगत | आउँ रगत | पुनर्जलिय झोल र जिङ्क चक्की दिईस्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| | पिउन सक्दैन अथवा विस्तारै पिउँछ अथवा सुस्त छ वा तानेको छाला धेरै विस्तारै फर्किन्छ | कडा जलवियोजन | पुनर्जलिय झोल र जिङ्क चक्की दिईस्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| | तानेको छाला विस्तारै फर्किन्छ अथवा खुवतिर्खाए झैं गरी पिउँछ | केही जलवियोजन | पुनर्जलीय झोल र जिङ्क चक्कीबाट उपचार गर्नुहोस्<br>घरेलु उपचार दिनुहोस्, परामर्श दिनुहोस् |
| | माथिका चिन्हहरूमध्ये कुनै पनि नभएको | जलवियोजन नभएको | घरेलु उपचारका ४ नियमहरु पालना गर्नुहोस्<br>जिङ्क चक्कीद्वारा उपचार गर्नुहोस् |
| **ज्वरो को जांच गर्नहोस्**<br>के बच्चालाई ज्वरो छ ? | २ महिना भन्दा माथिको वच्चामा ज्वरो ३८.५° से वा सो भन्दा माथि | उच्च ज्वरो | पारासिटामोल दिनुहोस्<br>१ दिनमा ठीक नभए प्रेषण गर्नुहोस् |
| | ज्वरो ३७.५° से वा सो भन्दा वढि | ज्वरो | आवश्यक्तानुसार प्यारासिटामोल, झोल तथा खानेकुरा जारी राखी ठिक नभएमा प्रेषण गर्नुहोस् । |
| ***कुपोषण र रक्त अल्पता जाँच्नुहोस्***<br>• देखिने गरी कडा किसिमले शरिरको मासु सुकेको छ कि हेर्नुहोस्<br>• दुवै खुट्टा सुन्निएका छन् कि हेर्नुहोस्<br>• हत्केलामा सेतोपना छ कि हेर्नुहोस्<br>- धेरै सेतापना<br>- केही सेतोपना<br>- सामान्य<br>• पाखुराको नाप गर्नुहोस्<br>- रातो लहरमा परेको<br>- पहेंलो लहरमा परेको<br>- हरियो लहरमा परेको<br>• उमेर अनुसार तौल निर्धारण गर्नुहोस्/हेर्नुहोस् | देखिनेगरी कडा किसिमले मासु सुकेको अथवा दुवै खुट्टा सुन्निएको अथवा हत्केलामा धेरै सेतोपना वा पाखुराको नाप गर्दा रातो लहरमा परेमा वा उमेर अनुसार धेरै कम तौल भएमा | कडा कुपोषण वा कडा रक्तअल्पता | स्वास्थ्य संस्थामा प्रेषण गर्नुहोस् |
| | उमेर अनुसार कम तौल वा हत्केलामा केही सेतोपना वा पाखुराको नाप गर्दा पहेंलो लहरमा परेमा | कुपोषण वा रक्तअल्पता | आइरन चक्की दिनुहोस्<br>खाना सम्बन्धी सल्लाह परापर्श दिनुहोस् |
| | माथिका कुनै चिन्ह नभएको वा पाखुराको नाप गर्दा हरियो लहरमा परेमा | कुपोषण वा रक्तअल्पता नभएको | २ वर्ष मुनिको बच्चा भएमा खाना सम्वन्धी मुल्यांकन गरी उमेर सिफारिस गरीएको खाना खुवाउन सल्लाहदिनुहोस् |

**बच्चाको खोपको स्थिति बारे हेर्नुहोस् र भिटामिन 'ए' र जुकाको औषधी खुवाए नखुवाएको जाँच गर्नुहोस्**

वि.सि.जी ____ डि.पि.टी/हेपवि, हिब ____ डि.पि.टी/हेपवि, हिव ____ हिब ____ डि.पि.टी/हेपवि, हिव ____ पोलियो१ ____ पोलियो२ ____ पोलियो३ ____ दादुरा/रुबेला ____
भिटामिन 'ए' ____ अल्वेण्डाजोल ____

## नवजात शिशु वा २ महिना भन्दा कम उमेरका
## विरामी शिशुको मूल्यांकन, बर्गिकरण तथा उपचारको पहिचान गर्नुहोस्

| मूल्यांकन | चिन्हहरु | बर्गिकरण | उपचारको पहिचान |
|---|---|---|---|
| • शिशुमा देखिने निम्न चिन्हहरुको जाँच गर्नुहोस्<br>• एक मिनेट सम्म सास दर गन्नुहोस्<br>• कडा कोखा हानेको छ की हेर्नुहोस्<br>• आमाको दुध निल्न सक्छ सक्दैन जाँच गर्नुहोस्<br>• ज्वरो आएको छ वा तापक्रम कम छ की नाप्नुहोस्<br>• शिशु सुस्त वा वेहोस छ की हेर्नुहोस्<br>• छालामा पिपले भरिएका फोकाहरु छन् की हेर्नुहोस्<br>• नाईटो पाकेको छ की हेर्नुहोस्<br>• नाईटो पाकेको छ वा नाईटो रातो भएको छ वा रातोपन छाला सम्म फैलिएको छ की हेर्नुहोस्<br>• शिशुलाई कमलपित्त छ की जाँच गर्नुहोस्<br>• शिशुलाई अन्य समस्याको जाँच गर्नुहोस् | • छिटो छिटो सास फेरेमा वा सो भन्दा वढी) वा<br>• कडा कोखा हानेमा वा आमाको पटक्कै चुस्न नसकेमा<br>• ज्वरो आएमा (३७.५ डिग्रीको वा सो भन्दा बढी) वा<br>• सुस्त वा वेहोस भएमा वा<br>• चलाई कम भएमा वा<br>• छालामा पिपले भरिएका १० वा सो भन्दा बढी फोकाहरु भएमा वा<br>• नाईटोको रातोपन छाला सम्म फैलिएमा | व्याक्टेरियाको संभावित गंभिर संक्रमण | • शिशुलाई ५ दिनको लागि उमेर अनुसार कोट्रिम चक्की दिनुहोस्<br>• ७ दिन सम्म जेन्टामाईसिन इन्जेक्सन दिनुहोस्<br>• शिशुलाई न्यानो पार्नुका साथै आमाको दुध ख्वाईरहन सल्लाह दिनुहोस्<br>• आमाको दुध पटक्कै निल्न नसकेमा प्रेषण गर्नुहोस् |
| | • छालामा पिपले भरिएका फोकाहरु १० भन्दा कम भएमा वा नाईटो पाकेमा वा नाईटो रातो भएमा | व्याक्टेरियाको स्थानिय संक्रमण | • शिशुलाई ५ दिनको लागि कोट्रिम चक्की दिनुहोस्<br>• छालामा भएका फोकाहरुमा र नाईटोमा जेन्सन भायलेट लगाउनुहोस् र आमालाई पनि लगाउन सिकाउनुहोस् |
| | शिशुको तापक्रम ३५.५ डिग्री वा सो भन्दा कम भएमा | कडा सिताङ्ग | • शिशुलाई ५ दिनको लागि कोट्रिम चक्की दिनुहोस्<br>• ७ दिन सम्म जेन्टामाईसिन दिनुहोस्<br>• मायाँको अंगालो दिन आमालाई सिकाउनुहोस्<br>• आमाको दुध पटक पटक ख्वाईरहन सल्लाह दिनुहोस् |
| | शिशुको तापक्रम ३६.५ डिग्री वा सो भन्दा कम भएमा | सिताङ्ग | • शिशुलाई मायाँको अंगालोमा राख्न आमालाइ सिकाउनुहोस्<br>• आमाको दुध पटक पटक ख्वाईरहन सल्लाह दिनुहोस् |
| | शिशुको शरिरमा पहेंलोपना देखिएमा | कमलपित्त (जन्डीस) | • शिशुलाई मायाँको अंगालोमा राख्न आमालाइ सिकाउनुहोस्<br>• आमाको दुध पटक पटक ख्वाईरहन सल्लाह दिनुहोस<br>• प्रेषण गर्नुहोस् |
| | माथि उल्लेखित व्याक्टेरियाको सम्भावित गंभिर संक्रमण, स्थानिय संक्रमण र सिताङ्गका कुनै पनि चिन्ह नभएको | संक्रमण नभएको | • आमालाई पूर्णतया स्तनपान गराउन, न्यानो पारी राख्न र खोप लगाउन सल्लाह दिनुहोस् |
| | पटक पटक कडा कोखा हानेमा, पखाला लागेमा र मुख भित्र सेता दागहरु देखिएमा | अन्य | • शिशुलाई मायाँको अंगालोमा राख्न आमालाइ सिकाउनुहोस्<br>• आमाको दुध पटक पटक ख्वाईरहन सल्लाह दिनुहोस<br>• प्रेषण गर्नुहोस् |